मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामनगर मिर्चैया, सिरहा
२ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु

**निर्णय न. १ :**

प्रस्ताव न. १ माथि छलफल हुदाँ आजको यस बैठकले यस मिर्चैया न.पा. वडा न.१ देखी १२ सम्मको नगरवासीहरुको लागि पुरानो प्राथमिक स्वास्थ्य केन्द्र, मिर्चैया को भवनलाई कोभिड-१९ अस्पतालको रुपमा अक्सिजन सिलिण्डर सहितको दश ओटा वेड भएको / गराएको वारे जानकारी भएको ।

**निर्णय न. २ :**

प्रस्ताव न. २ माथि छलफल हुदाँ आजको यस बैठकमा यस मिर्चैया न.पा वडा न. १ देखी १२ सम्मको वडामा कोभिंड-१९ को लागि तपसिल वमोजिमको डिा स्तरीय संयन्त्र निर्माण गर्ने भनि सर्वसम्मतवाट निर्णय गरियो ।

तपसिल :

१. उक्त वडाको वडा अध्यक्ष - १ जना- संयोजक

२. " " " सदस्यहरु - ४ जना - सदस्य

३. " " " कार्यपालिका सदस्य - १ जना - सदस्य

४. " " "

५. " " "

६. " " स्वांस्थ्य चौकी प्रमुख - सदस्य

७. " " वडा सचिव- १ जना- सदस्य सचिव

**निर्णय न. ३ :**

प्रस्ताव न. ३ माथि छलफल हुदाँ आजको यस बैठकले यस मिर्चैया न.पा. अर्न्तगत विभिन्न हाटवजारहरुमा मानव भिड हुन नदिने, भिडभाड भएको ठाउँमा गएर सम्झाउने, कोरोना भाईरस सम्वन्धि जनचेतनामुलक सन्देश दिने, हाटवजारहरु लाग्न नदिने र उक्त कार्यको लागि न.पा., सुरक्षा निकाय र वडा स्तरीय संयन्त्रले अनुगमन गर्ने/गराउने र नियम उल्लंघन गर्ने संक्रामक रोग ऐन २०२० को दफ २(२) बमोजिम कारवाही गरि नियन्त्रण गरिने भनि सर्वसम्मतवाट निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७७/०१/२६ गतेका दिन यस मिचैंया न.पा.का नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षतामा यसै नगर कार्यपालिकाको र स्थानीय कोभिड-१९ संकट व्यवस्थापन समितीको सदस्यहरुको उपस्थितिमा बैठक बसि निम्न प्रस्तावहरु माथि छलफल गर्न बैठक बसियो ।

उपस्थिति

नगरप्रमुख - श्री श्रवण कुमार यादव
उप प्रमुख - श्री जिवछी देवी साह
प्र.प्र.अ - श्री डम्वरध्वज आङ्देम्वे
वडा अध्यक्ष १ - श्री धनिकलाल यादव
वडा अध्यक्ष २ - श्री लक्ष्मेश्वर कापर
वडा अध्यक्ष ३ - श्री हरि नारायण यादव
वडा अध्यक्ष ४ - श्री दिनेश कुमार यादव
वडा अध्यक्ष ५ - श्री धिरेन्द्र कुमार साह
वडा अध्यक्ष ६ - श्री देव कृष्ण साह
का.वा. वडा अध्यक्ष ७ - श्री चिरञ्जिवी खतिवडा
वडा अध्यक्ष ८ - श्री राम जगत यादव
वडा अध्यक्ष ९ - श्री मोहन प्र. पोखरेल
वडा अध्यक्ष १० - श्री रामचन्द्र मण्डल
वडा अध्यक्ष ११ - श्री कृष्ण कुमार हजाम
वडा अध्यक्ष १२ - श्री तपेश्वर यादव
मनोनित सदस्य - श्री भागिरथ साह
मनोनित सदस्य - श्री विजय कुमार साह
महिला मनोनित सदस्य - श्री निलम कुमारी हाथी
महिला मनोनित सदस्य - श्री कुष्मादेवी साफी
महिला मनोनित सदस्य - श्री रेखा कुमारी
महिला मनोनित सदस्य - श्री विनु कुमारी राम
महिला मनोनित सदस्य - श्री सुरजी देवी सदा

आमन्त्रित

जि.स.स. सदस्य - श्री उमेश कुमार सिंह
सशस्त्र प्र. वल मिचैंया (प्र.नि) - श्री उत्तम सिलवाल
ई.प्र.का, मिचैंया (प्र.नि) - श्री रामेश्वर पण्डित

प्रस्तावहरु

१. कोभिड -१९ को संकट व्यवस्थापनमा न.पा.को पूर्व तयारी सम्वन्धमा

२. वडा स्तरीय संयन्त्र निर्माण सम्वन्धमा

३. मानव भिड तथा वजार नियन्त्रण र अनुगमन सम्वन्धमा

४. कोभिड-१९ को उपचार खर्च सम्वन्धमा

५. एम्वुलेन्सहरुको नामावली संकलन र तयारी अवस्थामा राख्ने सम्वन्धमा

६. विविध

**निर्णय न. ४ :**

प्रस्ताव न. ४ माथि छलफल हुदाँ आजको यस बैठकले यस मिचैंया न.पा. अन्तंगत कोरोना भाईरसबाट प्रमाणित भएमा हुने खाने व्यक्तिले कोरोना भाईरस उपचार खर्च आफै वेहोर्ने र अति विपन्न गरिव परिवारलाई न.पा. ले खाना खर्च व्यहोर्ने भनि सर्वसम्मतबाट निर्णय गरियो ।

**निर्णय न. ५ :**

प्रस्ताव न. ५ माथिं छलफल हुदाँ आजको बैठकले यस मिचैंया न.पा. क्षेत्रभित्र रहेका एम्वुलेन्सहरुको नामावली संकलन गर्ने र उक्त एम्वुलेन्सहरु साता भरि आलोपालो गरी प्राथमिक स्वस्थ्य केन्द्रमा तैयारी अवस्थामा राखी एम्वुलेन्स चालकलाई तोकिएको समय अवधि काम गरे वापतको भत्ता रु ५००/- (पाँच सय मात्र) र न.पा. क्षेत्रभित्र कोरोना प्रभावित विरामीलाई ओसार पोसार गरे वापत दश लिटर इन्धन उपलब्ध गराउने भनि निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत